# आ.व.२०६२/०६३ को बार्षिक तथा तेश्रो चौमासिक कार्यक्रमको समिक्षा : एक झलक

बिमल कुमार उप्रेती
प्रमुख, आर्थिक प्रशासन महाशाखा

यस केन्द्रले आ.व.२०६२/६३ मा ६ वटा कार्यक्रम संचालन गर्ने लक्ष्य राखिएको र सो कार्यक्रम संचालनका लागि नेपाल सरकारको तर्फबाट सात करोड पचपन्न लाख, स्वास्थ्य करकोषको तर्फबाट ३ करोड पचास लाख र आन्तरीक श्रोतबाट तेह्र करोड अठ्ठाइस लाख बहत्तर हजार व्यहोर्ने गरी कूल रु.चौबीस करोड तेत्तीस लाख बहत्तर हजारको बजेट व्यवस्था गरिएकोमा यस आर्थिक बर्षमा ६ वटा कार्यक्रम सम्पन्न भै चौबीस करोड आठ लाख सन्ताउन्न हजार खर्च समेत भै उक्त रकमबाट निम्न लिखित कार्यक्रमहरु सम्पन्न भएकोछ ।

१. <u>मुटुरोगीहरुको परीक्षण सेवा:</u>

यस चौमासिकमा केन्द्रको बिभिन्न सेवाहरु मार्फत १५,००० जना विरामीहरुलाई मुटुको स्वास्थ्य परीक्षण गर्ने कार्यक्रम राखिएकोमा सो अवधिमा जम्मा २१,१५४ जना विरामीको स्वास्थ्य परीक्षण भएकोछ । यस आ.व.२०६२/६३ मा कुल ४०,००० जना विरामीहरुलाई सेवा पुर्‍याउने लक्ष्य राखेकोमा वार्षिक लक्ष्यको आधारमा यस चौमासिक सम्ममा जम्मा ५९१९० जना मुटुको परिक्षण भै सककोछ । यसरी बार्षिक लक्ष्यको आधारमा १४८% प्रगति भएको देखिन्छ भने तेश्रो चौमासिक लक्ष्यको आधारमा १४१ % प्रतिशत भौतिक प्रगति देखिएकोछ ।

२. <u>मुटुको शल्यक्रिया सेवा:</u>

आ.व.२०६२/६३ मा जम्मा ६०० बिरामीको मुटुको शल्यक्रिया गर्ने तथा यसै आ.व.को तेश्रो चौमासिकमा जम्मा २१० जना बिरामीको मुटुको शल्यक्रिया गर्ने कार्यक्रम राखिएकोमा यस आ.व.को तेश्रो चौमासिकमा ३५० जना बिरामीको मुटुको शल्यक्रिया गरिएकोछ । यस आ.व.२०६२/६३ मा ६०० जना विरामीहरुलाई सेवा पु-याउने लक्ष्य राखेकोमा वार्षिक लक्ष्यको आधारमा यस चौमासिक सम्ममा जम्मा ८९६ जना मुटुको शल्यक्रिया भै सककोछ । जसमध्ये ६१३ वटा ओपन हार्ट सर्जरी, ८० बटा क्लोज हार्ट सर्जरी र २०३ वटा अन्य सर्जरीहरु सम्पन्न भएका थिए । यसरी वार्षिक लक्ष्यको आधारमा यस चौमासिक सम्ममा १४९% प्रगति भएको देखिन्छ भने तेश्रो चौमासिक लक्ष्यको आधारमा १६७% प्रतिशत भौतिक प्रगति देखिएकोछ ।

३. <u>एन्जीयोग्राफी/एन्जीयोप्लाष्टी परीक्षण सेवा:</u>

आ.व. २०६२/६३ मा जम्मा ६०० बिरामीको मुटुको एन्जीयोग्राफी/ एन्जीयोप्लाष्टी परीक्षण सेवा गर्ने तथा यसै आ.व.२०६२।६३ को तेश्रो चौमासिकमा जम्मा २१० जना बिरामीको मुटुको एन्जीयोग्राफी/एन्जीयोप्लाष्टी गर्ने कार्यक्रम राखिएकोमा यस आ.व.२०६२।६३ को तेश्रो चौमासिकमा ६३९ जनाको उपचार गरिएकोछ । यस आ.व.२०६२/६३ मा ६०० जना विरामीहरुलाई सेवा पु-याउने लक्ष्य राखेकोमा वार्षिक लक्ष्यको आधारमा यस चौमासिक सम्ममा जम्मा १८५४ जना बिरामीहरुको क्याथल्याब मार्फत अन्य उपचार गरिएकोछ । उपचार गराएको मध्ये ९१५ जना बिरामीको मुटुको एन्जीयोग्राफी, १०७ जना बिरामीको मुटुको एन्जीयोप्लाष्टी, २७६ जना बिरामीको मुटुको पि.टि.एम.सी,१०२ जना बिरामीको पिपिआई,८४ जना बिरामीको टि.पि.आई, ५४ जना बिरामीको इपिएस तथा अन्य ३१६ जना बिरामीको क्याथल्याब मार्फत अन्य सेवाहरु उपलब्ध गराइएको थियो । यसरी वार्षिक लक्ष्यको आधारमा यस चौमासिक सम्ममा ३०९% प्रगति भएको देखिन्छ भने तेश्रो चौमासिक लक्ष्यको आधारमा ३०४% प्रतिशत भौतिक प्रगति देखिएकोछ।

४.	**प्रतिकारात्मक सेवा:**

आ.व. २०६२/६३ मा जम्मा २ वटा प्रतिकारात्मक कार्यक्रम सेवा संचालन गर्ने तथा यसै आ.व. २०६२।६३ को तेश्रो चौमासिकमा जम्मा १ वटा कार्यक्रम संचालन गर्ने लक्ष्य राखिएकोमा सो कार्यक्रम अन्तर्गत यस केन्दले ललितपुर जिल्लाको लेले गा.बि.स.मा मुटुरोगीहरुको लागि १ दिने स्वास्थ्य शिविर संचालन गरी कार्यक्रम सम्पन्न गरिएको थियो । यसरी वार्षिक लक्ष्यको आधारमा यस चौमासिक सम्ममा १००% प्रगति भएको देखिन्छ भने तेश्रो चौमासिक लक्ष्यको आधारमा १००% प्रतिशत भौतिक प्रगति देखिएकोछ ।

५.	**मुटुको भल्भ राहत कार्यक्रम:**

नेपाल सरकारद्वारा शुल्क तिर्न नसक्ने मुटुका गरीब बिरामीहरुका लागि घोषित राहत कार्यक्रम अनुसार स्वास्थ्य मन्त्रालय मार्फत् १०० वटा मुटुका भल्भहरु खरीद गर्न रु.३७ लाख रकम बिनियोजित भै आएकोमा उक्त रकमवाट १०० वटा मुटुका भल्भहरु खरीद कार्य सम्पन्न भै हाल उक्त १०० वटा भल्भहरु प्रकिया पुरा गरी बिरामीहरुलाई बितरण गरिसकिएको र ति बिरामीहरुलाई भल्भ लगाइदिने कार्य नियमितरुपमा भै रहेकोछ । यसरी वार्षिक तथा तेश्रो चौमासिक लक्ष्यको आधारमा १००% प्रतिशत भौतिक प्रगति देखिएकोछ।

६.	**पूर्वाधार निर्माण तथा विकास कार्यक्रम:**

आ.व. २०६२/६३ मा जम्मा पूर्वाधार विकास तथा निर्माणका लागि १ वटा कार्यक्रम अन्तर्गत भवन निर्माण तथा मेशिनरी औजार खरीद कार्यक्रम संचालन गर्ने लक्ष्य राखिएकोमा यस आ.व.को तेश्रो चौमासिकमा सम्पूर्ण कार्यक्रम पुरा भै सकेकोछ । यसरी वार्षिक लक्ष्यको आधारमा यस चौमासिक सम्ममा १००% प्रगति भएको देखिन्छ भने तेश्रो चौमासिक लक्ष्यको आधारमा १००% प्रतिशत भौतिक प्रगति देखिएकोछ ।

## निष्कर्ष:

यस केन्द्रले चालू आ.व. २०६२/०६३ को बार्षिक तथा तेश्रो चौमासिकमा ६ वटा कार्यक्रम संचालनका लागि वजेटको व्यवस्था गरेकोमा वार्षिक लक्ष्यको आधारमा तोकिएको भन्दा बढी अर्थात् **१००% भन्दा पनि बढी भौतिक प्रगति** हासिल गरेको देखिएकोछ भने चौमासिक लक्ष्यको आधारमा ***१००% भन्दा वढी प्रगति*** भएको व्यहोरा प्रस्तुत आंकडावाट नै देखिन्छ । साथै वित्तीयतर्फ यस तेश्रो चौमासिकमा १००% प्रतिशत प्रगति देखिन्छ भने वार्षिक लक्ष्यको आधारमा पनि ९९.००% प्रतिशत प्रगति देखिएकोछ ।

## HOSPITAL INDICATORS
## F.Y.: 2062 / 063

| SN | Indicators | Formula | Third Quarter (FY 062/063) | | Annual (FY 062/063) | |
|---|---|---|---|---|---|---|
| | | | Calculations | Value | Calculations | Value |
| 1 | Infection Rate Major Wound Infection | Number of Surgical Cases Infected<br>----------------------------------------- X 100<br>Total Number of Surgical Cases | 0<br>-------X 100<br>350 | 0 % | 0<br>----- X 100<br>896 | 0 % |
| 2 | Infection Rate Minor Wound Infection | Number of Surgical Cases Infected<br>----------------------------------------- X 100<br>Total Number of Surgical Cases | 2<br>-------X 100<br>350 | 0.57 % | 3<br>----- X 100<br>896 | 0.33 % |
| 3 | Average Length of Hospital Stay | Total In Patients Days<br>---------------------------<br>Total In- Patients | 7248<br>--------<br>2409 | 3.008 | 20392<br>---------<br>6814 | 2.99 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 4 | Mortality Rate of Surgical Cases | Deaths of Surgical Cases<br>----------------------------------- X 100<br>Total Number of Surgical Cases | 17<br>----- X 100<br>350 | 4.85 % | 43<br>------ X 100<br>896 | 4.79 % |
| 5 | Mortality Rate of Medical Cases | Deaths of Medical Cases<br>------------------------------------ X 100<br>Total Number of Medical Cases | 39<br>------ X 100<br>2117 | 1.84 % | 97<br>------ X 100<br>6061 | 1.6 % |
| 6 | Doctor: OPD Patient Ratio | Total OPD Patients<br>-----------------------------<br>Total Doctors | 21161<br>--------<br>19 | 1113.73 | 59190<br>----------<br>19 | 3115.26 |
| 7 | Doctor: In-patients Ratio | Total IPD Patients<br>-----------------------------<br>Total Doctors | 2409<br>--------<br>35 | 68.82 | 6814<br>--------<br>35 | 194.68 |
| 8 | Nurse: In-patients Ratio | Total IPD Patients<br>----------------------------------<br>Total Nurse in IPD | 2409<br>--------<br>96 | 25.09 | 6814<br>-------<br>96 | 70.97 |
| 9 | Percentage of Non-salary Cost | Total Non-salary Cost<br>--------------------------------- X 100<br>Total Cost | 71435902<br>-------------- X 100<br>81428028 | 87.72 % | 209180325<br>---------------- X 100<br>240900457 | 86.83 % |
| 10 | Drug Wastage Rate | Wastage Drug Cost<br>---------------------------------- X 100<br>Total Drug Cost | 0<br>------------- X 100<br>25177630 | 0 % | 0<br>---------------- X 100<br>58574343 | 0 % |
| 11 | Bed Occupancy Rate | Number of Bed Occupied<br>---------------------------------- X 100<br>Total Bed Available | 7248<br>---------- X 100<br>9500 | 76.29 % | 20392<br>--------- X 100<br>27201 | 74.96 % |
| 12 | Right Use of Financial Resource | Total Irregularities Amount<br>-------------------------------- X 100<br>Total Expenditure | N /A | N /A | 0<br>------------ X 100<br>181846976 | **0** %<br>For<br>**061/062** |
| 13 | Right Use of Surgeon | Total Operated Cases in a Year<br>----------------------------------- X 100<br>Total Surgeons in a Year | 350<br>----- X 100<br>2 | 175 Cases Per Surgeon | 896<br>------- X 100<br>2 | 448 Cases per Surgeon |
| 14 | Poor patients Charge | Number of patient Exempted<br>-------------------------------- X 100<br>Total Number of Patients | 159<br>------X 100<br>2409 | 6.6 % | 410<br>------- X 100<br>6814 | 6.01 % |
| 15 | Exemption Rate | Exempted Cost<br>---------------------------------- X 100<br>Total Cost for Patients | 4038328<br>----------- X 100<br>43856062 | 9.2 % | 9673100<br>----------- X 100<br>140868799 | 6.86 % |
| 16 | Patients Sex Ratio | Female Patients<br>--------------------------------<br>Male Ratio | 9841<br>-------<br>11320 | 0.86 | 27290<br>--------<br>31900 | 0.85 |
| 17 | Ratio of Referred Patients | Number of Received Referred Patients<br>----------------------------------------------<br>Number of Patients Direct Contacted | 20950<br>----------<br>211 | 99.28 | 58599<br>----------<br>591 | 99.15 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 18 | Cost Recovery Rate | Total Revenue<br>--------------------------------- X 100<br>Total Cost | 59819866.1<br>------------- X 100<br>81428028 | 73.46 % | 157968159.1<br>------------- X 100<br>240900457 | 65.57 % |
| 19 | Clinics Sustain Rate | Number of Operating Special Clinics<br>------------------------------------------ X 100<br>Total Number of Clinics | All Specialists | Clinic | All Specialists | Clinic |
| 20 | Average Output Per Day (X-rays) | Total X-rays in a month<br>---------------------------------------<br>Total Number of Operating Days | 8567<br>-------<br>107 | 80.06 | 23329<br>---------<br>313 | 74.53 |
| 21 | Average Output (Lab Test) | Total Routine Tests<br>------------------------------------<br>Total Number of Operating Days | 93813<br>---------<br>107 | 876.75 | 256240<br>----------<br>313 | 818.65 |